**REGIONAL NEWS**
**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS**

22-06-2024 1840 HRS

## CM Pre Budget

राज्यका मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले आज नयाँ दिल्लीमा प्रि बजेट बैठकमा सहभागिता जनाउनु भयो। उक्त बैठक नयाँ दिल्लीको भारत मण्डपम केन्द्रिय वित्त मन्त्री श्रीमती निर्मला सितारमणको अध्यक्षतामा सम्पन्न भएको थियो। बैठकमा विभिन्न राज्यका मुख्यमन्त्री एवं वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो।

आफ्नो सम्बोधनमा मुख्यमन्त्री श्री तामाङले वित्तमन्त्रीलाई बधाई दिँदै संघीय सहकार्यको महत्वपूर्ण भूमिकामाथि जोड दिनुभयो । उहाँले आगामी आम बजेटमा सिक्किमलाई यथोचित सम्बोधन हुने विश्वास पनि व्यक्त गर्नुभयो।

गत वर्ष बाढीले पुऱ्याएको व्यापक विनाशको विषयप्रति ध्यानाकर्षण गर्दै मुख्यमन्त्रीले दीर्घकालीन विकासका प्रयासहरूलाई समर्थन गर्न थप विशेष अनुदानको लागि आह्वान गर्नुभयो। सिक्किमको जीवन रेखा राजमार्ग NH10 को अवस्थाबारे जानकारी दिँदै यसको तत्काल पुनर्निर्माण गरिनुपर्ने आवश्यकतामा श्री तामाङले जोड दिनुभयो। यसबाहेक, उहाँले टिस्टा चरण III परियोजनाबाट वार्षिक राजस्व घाटाको लागि क्षतिपूर्तिको आवश्यकतामा सम्बन्धित अधिकारीहरूको ध्यानाकर्षण गराउनु भयो।

2023-24 को लागि केन्द्रिय वस्तु तथा सेवा कर विषय समीक्षा गर्न उहाँले आग्रह पनि गर्नुभयो।आगामी बजेटले यी समस्याहरूलाई सम्बोधन गर्ने र यसले राज्यको विकास र कल्याणलाई बढावा दिने कुरामा आफू विश्वस्त रहेको श्री तामाङले बताउनु भएको छ।

## शहरी विकास विभाग

सहरी विकास विभागका सचिव श्री एम टी शेर्पाको नेतृत्वमा विभागका अधिकारीहरूको टोलीले हिजो मार्तम ल्यान्डफिलमा भइरहेको बायोमाइनिङ कार्यस्थलको भ्रमण गरेका छन् । प्रधान मुख्य अभियन्ता, प्रमुख अभियान्ताहरू, mission निर्देशक-SBM-U, RDD र UDD का अधिकारीहरू पनि भ्रमणमा सहभागी थिए।

भ्रमणको उद्देश्य अहिले भइरहेको कामको प्रगति अवलोकन गर्नुका साथै फोहोर व्यवस्थापन, व्यवस्थापनको प्रक्रिया र वैज्ञानिक ढङ्गले व्यवस्थापन नगर्दा निम्त्याउने जोखिमका विषयमा पदाधिकारीहरुलाई सचेत गराउनु थियो ।

मार्तम ल्यान्डफिलमा बायोमाइनिङको काम राज्य सरकार अन्तर्गत सहरी विकास विभाग मार्फत जनवरी 2024 मा सुरु भएको थियो। यद्यपि, बाढी, सडक बन्द र प्रतिकूल मौसम जस्ता विभिन्न अवरोधहरू भए तापनि काम सन्तोषजनक रूपमा अघि बढिरहेको छ। सरकारले ल्यान्डफिलमा पाइने फोहोरको भण्डारण, उत्खनन अनि

अलग  र प्रशोधन गर्न जैविक विधिहरू प्रयोग गर्ने कठिन प्रक्रिया समावेश गरी राज्यमा यस  प्रकारको पहिलो अभ्यास गरीरहेको छ। यस विधिले फोहोरको मात्रा घटाउने, स्रोतहरू पुनःप्राप्त गर्ने, भूमिको प्रयोगमा सुधार गर्ने र पर्यावरणीय प्रभावहरूलाई न्यूनीकरण गर्ने लक्ष्य राखेको छ। मार्तम ल्यान्डफिलमा कुल दुई लाख टनभन्दा बढी फोहोरमैला बायोमाइन भइरहेको छ।  ल्यान्डफिलले अन्य नजिकका बजार र ग्रामीण क्षेत्रहरू बाहेक गान्तोक नगर निगम, रम्फु, सिङ्ताम र मंगन नगर पञ्चायतहरूबाट घरेलु फोहोरहरू प्राप्त गर्दछ।

## लोकसभा सत्र

18 औं लोकसभाको पहिलो सत्र सोमबार सुरु हुने छ।  अधिवेशनमा नवनिर्वाचित सदस्यहरुको  सपथ ग्रहण हुनेछ ।  प्रोटेम स्पीकरको रूपमा नियुक्त भाजपाका वरिष्ठ सांसद श्री  bhartri hari महताबले नवनिर्वाचित लोकसभा सांसदहरूलाई सपथ ग्रहण गराउनु हुने छ ।  नयाँ लोकसभा अध्यक्षको निर्वाचन यस महिनाको 26 तारिख सम्पन्न हुनेछ, राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले जुन 27 मा लोकसभा र राज्यसभाको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुने छ।

## नयाँ परीक्षा कानुन

प्रतियो-गितात्मक परीक्षामा हुने कदाचार र अनियमिततालाई रोक्न केन्द्र सरकारले कडा कानुन बनाएको छ । यसमा दोषीलाई अधिकतम दश वर्ष कैद र 1 करोड रुपियाँसम्म जरिवाना हुने व्यवस्था छ । सरकारी राजपत्रमा प्रकाशित सूचनामा कार्मिक मन्त्रालयले आजदेखि कानूनको व्यवस्था लागू हुने जनाएको छ । संघ लोक सेवा आयोग, कर्मचारी चयन आयोग, राष्ट्रिय परीक्षा एजेन्सी-एनटीए, रेलवे भर्ती बोर्ड, बैंकिङ भर्ती परीक्षा निकाय र अन्य सार्वजनिक परीक्षाहरूमा अनुचित तरिकाहरू रोक्न यो ऐन लागू गरिएको हो। यसमा धोखाधड़ी रोक्नका लागि कम्तीमा तीनदेखि पाँच वर्षसम्म कैदको व्यवस्था गरिएको छ । साथै संगठित अपराधमा संलग्नलाई पाँच देखि दश वर्षसम्म कैद र न्युनतम एक करोड रुपियाँ जरिवानाको व्यवस्था गरिएको छ।